# General FAQs on Sarbashrestha 10x Muddati Yojana

**सर्वश्रेष्ठ 10x मुद्दती योजना कस्तो प्रकारको खाता हो ?**

सर्वश्रेष्ठ 10x मुद्दती योजना विशेष किसिमको मुद्दती योजना हो । जसमा खातावालाले मुद्दती अवधि सकिएपश्चात साँवा र ब्याज गणना गरि दोब्बर देखि दश गुणासम्म रकम प्राप्त गर्न सक्नुहुनेछ ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजना कसले खोल्न पाउनुहुन्छ ?**

प्राकृतिक व्यक्ति र संस्थाहरु दुवै वर्गले खोल्न पाउनुहुन्छ ।

**सर्वश्रेष्ठ 10x मुद्दती खाता खोल्न न्यूनतम रकम कति चाहिन्छ ?**

सर्वश्रेष्ठ 10x मुद्दती खाता खोल्न न्यूनतम रकम रु. १०,००० चाहिन्छ ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजना खोल्नको लागि यस बैंकमा खाता अनिवार्य चाहिन्छ ?**

सर्वश्रेष्ठ 10x मुद्दती योजना खोल्नको लागि यस बैंकमा प्राकृतिक व्यक्तिको हकमा बचत खाता अनिवार्य चाहिन्छ तर संस्थाको हकमा खाता अनिवार्य छैन ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजना के कारणले पृथक छ ?**

सर्वश्रेष्ठ 10x मुद्दती योजनामा आवद्ध ग्राहकमहानुभावहरुको मुद्दती अवधि सकिएपश्चात साँवा रकम दोब्बर देखि दश गुणा हुने मात्र नभई रु. ८४ लाखसम्मको बीमा सुविधा र अन्य २४ सुविधाहरु सर्वश्रेष्ठ बचत योजना सरह ५ वर्षको लागी नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ। साथै मुद्दती रकम रु. १००,००० वा सो भन्दा माथीको भएमा Ambassador, मुद्दती रकम रु. ५०,००० देखि रु १,००,००० भन्दा कम भएमा Pride र मुद्दती रकम रु. २५,००० देखि रु ५०,००० भन्दा कम भएमा Partner segment तोकिएको छ ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजनामा रु २५,००० भन्दा कम रकम राखेर खोलेको मुद्दती खातामा बीमा लगायतका सुविधा छ कि छैन ?**

सर्वश्रेष्ठ 10x मुद्दती योजनामा रु २५,००० भन्दा कम रकम राखेर खाता खोली आवद्ध हुनु भएका ग्राहक महानुभावहरुलाई बीमा लगायतका सुविधा उपलब्ध छैन ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजनामा पाइने २४ अतुलनीय सुविधाहरु के के हुन ?**

**१. न्यूनतम मौज्दात**

| विवरण | एन आई सी एशिया Goodwill Ambassador | The Pride of एन आई सी एशिया | The Partner of एन आई सी एशिया |
|---|---|---|---|
| न्यूनतम मौज्दात | रु. १,००,००० | रु. ५०,००० | रु. २५,००० |

## २. बीमा सुविधा

| विवरण | एन आई सी एशिया Goodwill Ambassador | The Pride of एन आई सी एशिया | The Partner of एन आई सी एशिया |
|---|---|---|---|
| दुर्घटना बीमा | रू. ४० लाख | रू. २० लाख | रू. १० लाख |
| घातक रोग बीमा | रू. ४० लाख | रू. २० लाख | रू. १० लाख |
| औषधोपचार बीमा | रू. ४ लाख (OPD रू. ८०,००० र Hospitalization रू. ३,२०,००० सम्म) | रू. २ लाख (OPD रू. ४०,००० र Hospitalization रु १,६०,००० सम्म) | रू. १ लाख (OPD रू. २०,००० र Hospitalization रू. ८०,००० सम्म) |
| बीमा सुविधाको अवधि* | ५ वर्ष | ५ वर्ष | ५ वर्ष |
| बीमा सुविधा पाउने | खातावाला र खातावालाले तोकेको अतिरिक्त ३ जना | खातावाला र खातावालाले तोकेको अतिरिक्त १ जना | खातावाला मात्र |

*(*पुनश्च : बीमा सुविधा बैंकले जुनसुकै समयमा नियमनकारी निकाय/बीमा समितीको निर्देशन वा बीमा कम्पनीको निती बमोजिम परिवर्तन गर्न वा रद्द गर्न सक्नेछ ।)*

## ३. Wealth Maximization

| विवरण | एन आई सी एशिया Goodwill Ambassador | The Pride of एन आई सी एशिया | The Partner of एन आई सी एशिया |
|---|---|---|---|
| डिम्याट खाता | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| मेरो सेयर शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| Portfolio Management Service शुल्क | ५ वर्षको लागि ५०% छुट | ५ वर्षको लागि ५०% छुट | ५ वर्षको लागि ५०% छुट |

## ४. डिजिटल एण्ड ट्रान्जेक्सन बैंकिङ्ग

| विवरण | एन आई सी एशिया Goodwill Ambassador | The Pride of एन आई सी एशिया | The Partner of एन आई सी एशिया |
|---|---|---|---|
| डेविट कार्ड | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| मोबाईल बैंकिङ्ग | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| ईन्टरनेट बैंकिङ्ग | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| क्रेडिट कार्ड सिमा | रू. ५ लाखसम्म | रू. ५ लाख सम्म | रू. ५ लाखसम्म |
| क्रेडिट कार्डमा आवद्द भएको र जारी भएको शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |
| क्रेडिट कार्ड वार्षिक शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| प्रिपेड डलर कार्ड | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| ई- कमर्श Activation | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| नि:शुल्क चेक प्रोसेसिङ्ग | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| नि:शुल्क RTGS | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| नि:शुल्क IPS/CIPS/Fund Transfer | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |
| लकर शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क | ५ वर्षको लागि नि:शुल्क |

| विवरण | एन आई सी एशिया Goodwill Ambassador | The Pride of एन आई सी एशिया | The Partner of एन आई सी एशिया |
|---|---|---|---|
| लकर मार्जिन | ५ वर्षको लागि निःशुल्क | ५ वर्षको लागि निःशुल्क | ५ वर्षको लागि निःशुल्क |
| विदेशी मुद्रा सटही प्रिमियम छुट (USD, GBP, EUR, CAD र AUD मा सिमित) | २५ पैसा | २५ पैसा | २५ पैसा |
| एटिएमबाट नगद झिकेको (स्वदेशी बैंक तथा वीत्त संस्था) | ५ वर्षको लागि निःशुल्क | ५ वर्षको लागि निःशुल्क | ५ वर्षको लागि निःशुल्क |
| एटिएमबाट मौज्दात जाँच गरेको (स्वदेशी बैंक तथा वीत्त संस्था) | ५ वर्षको लागि निःशुल्क | ५ वर्षको लागि निःशुल्क | ५ वर्षको लागि निःशुल्क |

**५. प्रिभिलेज बैंकिङ्ग**

| विवरण | एन आई सी एशिया Goodwill Ambassador | The Pride of एन आई सी एशिया | The Partner of एन आई सी एशिया |
|---|---|---|---|
| सेवा प्रवाह ग्यारेन्टी (मिनेटमा) | सेवा प्रवाहको लागि बैंकले तोकेको समयको ५०% समय भित्र सेवा प्रदान गरिने | सेवा प्रवाहको लागि बैंकले तोकेको समयको ५०% समय भित्र सेवा प्रदान गरिने | सेवा प्रवाहको लागि बैंकले तोकेको समयको ५०% समय भित्र सेवा प्रदान गरिने |
| बैंकको निर्धारित सेवा प्रवाह समय भन्दा बढि समय सेवाको लागि प्रतिक्षा गर्नुपरेको अवस्थामा प्रदान गरिने क्षतिपुर्ती (प्रति Incident) | रू. १० | रू. १० | रू. १० |
| Dedicated Relationship Management | उपलब्ध | उपलब्ध | उपलब्ध |

### इच्छाएको व्यक्तिले (Designated Person) बीमा लगायतका अन्य सुविधा कसरी प्राप्त गर्नसक्छन् ?

इच्छाएको व्यक्तिले बीमा लगायतका अन्य सुविधा प्राप्त गर्न यस बैंकमा सो व्यक्तिको नाममा शून्य मौज्दातमा **सर्वश्रेष्ठ बन्डल सहज बचत खाता** खोलेको हुनु पर्नेछ । यदि इच्छाएको व्यक्तिको नाममा यस बैंकमा पहिले देखि बचत खाता भएको अवस्थामा सो बचत खातालाई **सर्वश्रेष्ठ बन्डल सहज बचत खाता**मा अनिवार्य scheme transfer गर्नुपर्दछ ।

### खातावालाले मुद्दती रसिद धितो राखेर कर्जा लिन पाउनुहुन्छ कि हुदैन ?

ग्राहकमहानुभावहरुले मुद्दती रसिद धितो राखेर साँवा रकम तथा पाकेको व्याज रकमको कुल ९० प्रतिशतसम्म कर्जा उपभोग गर्न पाउनुहुन्छ ।

**कुनै व्यक्तिले compounded value को ९० प्रतिशतसम्म कर्जा उपभोग गर्छ भने ग्राहकमहानुभावहरुले कति व्याजदर तिर्नुपर्छ ?**

यस योजना अर्न्तगत ग्राहकमहानुभावहरुले कर्जा उपभोग गर्दा COUPON RATE+2% व्याज तिर्नुपर्छ । जस्तैः व्याज दर प्राकृतिक व्यक्तिको लागि १३.०३%, संस्थाहरुको लागि १२.०३% र रेमिट्यान्सको लागि १४.०३% लाग्नेछ ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजनामा कर्जा लिदा सेवा शुल्क लाग्छ कि लाग्दैन ?**

लाग्दैन ।

**सर्वश्रेष्ठ 10x मुद्दती खाता बीच अवधिमै Pre-mature गर्न मिल्छ कि मिल्दैन ?**

यस मुद्दती योजनामा आवद्ध भएका खातावालाहरुले मुद्दती Pre-mature गराउन ईच्छुक भई पेश भएको निवेदन स्वीकृत भएको अवस्थामा मात्र Pre-mature गर्न सकिन्छ तर सो वापत बैंकको नियमानुसार लाग्ने दस्तुर बुझाउनु पर्छ ।

**के सर्वश्रेष्ठ 10x मुद्दती योजनामा ग्राहकमहानुभावको रकम मुद्दती अवधि सकिएपश्चात दोब्बर देखि दश गुणा हुन्छ ?**

मुद्दती अवधि सकिएपछि साँवा रकम दोब्बर देखि दश गुणा हुन्छ र ग्राहकहरुलाई सो समयमा कायम हुने आयकर ऐन अनुसार लाग्ने कर (TDS) कट्टी गरी भुक्तानी हुनेछ ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजनामा ग्राहकमहानुभावलाई खाता खोलेपछि बैंकले के दिन्छ ?**

सर्वश्रेष्ठ 10x मुद्दती योजनामा खाता खोलेपछि ग्राहकमहानुभावलाई बैंकले प्रमाण स्वरुप मुद्दती रसिद दिन्छ ।

**वैदेशिक रोजगारीबाट आएको रेमिट्यान्सबाट यस मुद्दती योजनामा आवद्ध हुन चाहने ग्राहक महानुभावलाई के विशेष सुविधा छ ?**

वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सबाट यस योजनामा आवद्ध हुने ग्राहक महानुभावहरुको मुद्दती परिपक्व हुने अवधी अरु खातावालाको भन्दा कम हुन्छ । जस्तैः कुनै प्राकृतिक व्यक्तिले 2x मा खाता खोल्दा ६ वर्ष ३ महिना १२ दिनमा रकम दुई गुणा हुन्छ भने सो व्यक्तिले रेमिट्यान्सको स्रोत देखाएर 2x मा खाता खोल्दा ५ वर्ष ९ महिना ४ दिनमा रकम दुई गुणा हुन्छ ।

**वैदेशिक रोजगारीबाट आएको रेमिट्यान्सबाट यस मुद्दती योजनामा आवद्ध हुन चाहने ग्राहक महानुभावले के कागजात बुझाउनु पर्छ ?**

वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सबाट यस मुद्दती योजनामा आवद्ध हुन चाहाने ग्राहक महानुभावहरुले निम्न बमोजिमको कागजात बुझाउनु पर्छ :

१. रेमिट्यान्स प्राप्त भएको रेमिट्यान्स भौचर

२. स्वःघोषणा (Self Declaration)

**यदि कुनै व्यक्तिले 2x योजनामा खाता खोल्नुभएको छ भने maturity मा कति पैसा प्राप्त गर्नुहुन्छ ?**
यस अवस्थामा maturity मा खातावालाले प्राप्त गर्ने रकम देहाए बमोजिम हुनेछ ।

| साँवा रकम | गुणा | अवधि | व्याज रकम | कर कट्टा रकम | कुल रकम (Maturity) |
|---|---|---|---|---|---|
| १००,००० | 2x | ६ वर्ष ३ महिना १२ दिन | १००,००० | ५,००० | १९५,००० |
| १००,००० | 3x | ९ वर्ष ११ महिना १६ दिन | २००,००० | १०,००० | २९०,००० |
| १००,००० | 4x | १२ वर्ष ६ महिना २२ दिन | ३००,००० | १५,००० | ३८५,००० |
| १००,००० | 5x | १४ वर्ष ७ महिना ० दिन | ४००,००० | २०,००० | ४८०,००० |
| १००,००० | 6x | १६ वर्ष २ महिना २५ दिन | ५००,००० | २५,००० | ५७५,००० |
| १००,००० | 7x | १७ वर्ष ७ महिना १७ दिन | ६००,००० | ३०,००० | ६७०,००० |
| १००,००० | 8x | १८ वर्ष १० महिना ४ दिन | ७००,००० | ३५,००० | ७६५,००० |
| १००,००० | 9x | १९ वर्ष ११ महिना ० दिन | ८००,००० | ४०,००० | ८६०,००० |
| १००,००० | 10x | २० वर्ष १० महिना १२ दिन | ९००,००० | ४५,००० | ९५५,००० |

**खातावालालाई भुक्तानीको समयमा प्रचलित आयकर ऐन वमोजिम लाग्ने कर (TDS) कट्टी गरी भुक्तानी गरिनेछ ।*

**४ वर्षको बालकको बचत खाता अहिले सर्वश्रेष्ठ बाबुनानी बचत खातामा छ भने सो बालकको नाममा सर्वश्रेष्ठ 10x मुद्दती खाता खोल्न मिल्छ कि मिल्दैन ?**
मिल्छ । यस अवस्थामा बालकको repayment खाता सोही सर्वश्रेष्ठ बाबुनानी बचत खाता नै हुन्छ र बालक १८ वर्ष पुरा भएपछि सो बचत खातालाई आवश्यक प्रक्रिया पुरा गरि अरु बचत scheme मा transfer गर्नुपर्ने हुन्छ, सो अवस्थामा बचत खाता नम्वर परिवर्तन हुदैन ।

**नाबालकको नाममा खोलिएको सर्वश्रेष्ठ 10x मुद्दतीलाई धितो राखेर कर्जा लिन पाइन्छ ?**
पाईन्छ ।

**खातावालाको बिच अवधिमै मृत्यु भएमा सर्वश्रेष्ठ 10x मुद्दती के हुन्छ ?**
यदि सर्वश्रेष्ठ 10x मुद्दती खोल्ने खातावालाको बिच अवधिमै मृत्यु भएमा सो खातावालाले ईच्छाएको व्यक्तिलाई (हकवाला) सो अवधिसम्मको साँवा तथा पाकेको व्याज रकममा आयकर ऐन अनुसारको TDS कट्टा गरि भुक्तान गरिने छ र अग्रिम भुक्तानी गर्दा हर्जाना पनि लाग्ने छैन ।

**सर्वश्रेष्ठ 10x मुद्दती खातामा बिचमा थप रकम जम्मा गर्न पाउँछ कि पाउँदैन ?**
पाउँदैन ।

**सर्वश्रेष्ठ 10x मुद्दती खाता Online बाट खोल्न सकिन्छ कि सकिदैन ?**

Online बाट सर्वश्रेष्ठ 10x मुद्दती खाता खोल्न सकिन्छ ।

**सर्वश्रेष्ठ 10x मुद्दती योजनाको अवधि तल उल्लेख गरिएको छ ?**

| Type | Fold | Individual | Individual with Remittance | Institution |
|---|---|---|---|---|
| | | Effective Tenure | Effective Tenure | Effective Tenure |
| Double | **2x** | 6 Years, 3 Months & 12 Days | 5 Years, 9 Months & 4 Days | 6 Years, 11 Months & 0 Day |
| Treble | **3x** | 9 Years, 11 Months & 16 Days | 9 Years, 1 Month & 16 Days | 10 Years, 11 Months & 11 Days |
| Quadruple | **4x** | 12 Years, 6 Months & 22 Days | 11 Years, 6 Months & 6 Days | 13 Years, 9 Months & 28 Days |
| Quintuple | **5x** | 14 Years, 7 Months & 0 Day | 13 Years, 4 Months & 16 Days | 16 Years, 0 Month & 14 Days |
| Sixtuple | **6x** | 16 Years, 2 Months & 25 Days | 14 Years, 10 Months & 25 Days | 17 Years, 10 Months & 13 Days |
| Septuple | **7x** | 17 Years, 7 Months & 17 Days | 16 Years, 2 Months & 2 Days | 19 Years, 4 Months & 24 Days |
| Octuple | **8x** | 18 Years, 10 Months & 4 Days | 17 Years, 3 Months & 12 Days | 20 Years, 8 Months & 24 Days |
| Nonuple | **9x** | 19 Years, 11 Months & 0 Day | 18 Years, 3 Months & 4 Days | 21 Years, 10 Months & 27 Days |
| Decuple | **10x** | 20 Years, 10 Months & 12 Days | 19 Years, 1 Month & 17 Days | 22 Years, 11 Months & 10 Days |